**मिति २०७८।०१।२६ गते बसेको विहादी गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :**

निर्णय नं. १

मिति २०७८।०१।२१ गते बसेको कार्यपालिकाको बैठकले कोभिड १९ सम्बन्धि गरेका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । जसमा सामुदायिक क्वारेन्टाईन स्थापना गर्ने बाहेक अन्य निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रहेको पाईएकाले अविलम्ब प्रत्येक वडामा सामुदायिक क्वारेन्टाईन स्थापना तथा व्यवस्थापन गर्ने जिम्मा सम्बन्धित वडाध्यक्षलाई दिने निर्णय गरियो ।

निर्णय नं. २

कोभिड १९ को सम्भावित जोखिम व्यवस्थापनका लागि सम्बन्धित वडाको वडाध्यक्षको संयोजकत्वमा सम्बन्धित वडाका जनप्रतिनिधिहरु, सम्बन्धित वडाको स्वास्थ्यको चौकी प्रतिनिधि, सम्बन्धित क्षेत्रको प्रहरी प्रतिनिधि, टोल विकास समितिवाट प्रतिनिधि, सम्बन्धित वडाका यायताया व्यावसायिहरु, शिक्षक प्रतिनिधि, क्लव प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि सदस्य र वडा सचिव सदस्य सचिव रहने गरि वडा स्तरिय कमाण्डिङ टिम गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

कोभिड १९ पोजेटिभ केश देखिएका संक्रमित व्यक्तिहरुको स्वास्थ्य परामर्श तथा उपचारका लागि स्वास्थ्य शाखा प्रमुखको समन्वयमा सम्बन्धित वडाको स्वास्थ्य चौकीवाट घुम्ति (मोवाईल) सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

गाउँपालिका अन्तर्गत एउटा मात्र एम्बुलेन्स भएकाले संक्रमित व्यक्तिहरुलाई अस्पताल पुर्याउनका लागि पालिका भित्र रहेका सार्वजनिक यातायातहरुलाई सञ्चालन तथा व्यवस्थापन गरि विरामीहरुलाई ओहोर दोहोर कार्यको व्यवस्थापन गर्ने जिम्मा वडा स्तरिय कमाण्डिङ टिमलाई दिने निर्णय गरियो ।

निर्णय नं. ५

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७८।०१।१९ गतेको निर्णय बमोजिम हुने गरि कोभिड संक्रमित व्यक्तिहरुको उपचार तथा व्यवस्थापनमा खटिने स्वास्थ्य कर्मी / कर्मचारुहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

०७८/१/२६
ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत